सरकारले राष्ट्रिय परिचय पत्र लिनका लागि नागरिकताको प्रमाणपत्रसहित आफ्नो विवरण दर्ता गर्न स्थानीय तहको कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ । सामाजिक सुरक्षा भत्ता लिन, पेन्सन बुझ्न, पासपोर्ट लिन, चल-अचल सम्पत्ति बिक्री गर्न, बैंक तथा वित्तिय संस्थामा खाता खोल्न वा ऋण लिन, बत्ती, पानी र टेलिफोनको सेवा लिन तथा व्यक्ती संग प्रत्यक्ष रुपमा जोडिएका सम्पुर्ण कार्य गर्न राष्ट्रिय परिचयपत्रको अनिवार्य गर्न लागेको राष्ट्रिय परिचय-पत्र तथा पञ्जीकरण विभागले जनाएका छ ।

<u>आवश्यक कागजातहरू:-</u>

१. नेपाली नागरिकताको प्रमाण-पत्रको सक्कल (२०५८ पछिको नागरिकतामा स्टिकर नभए मान्य नहुने)

२. बुवा/आमाको नागरिकताको प्रतिलिपि उपलब्ध भएसम्म,

३. नागरिकताको प्रमाण-पत्रमा जन्ममिती नखुलेको हकमा सो खुल्ने प्रमाण-पत्र वा गाउँपालिका वा नगरपालिकाको सिफारिस,

४. राहदानी लिएको भए सक्कल वा नक्कल पेश गर्नुपर्नेछ ।

५. बसाई-सराई हकमा बसाई-सराईको सक्कल (२०४० साल भन्दा पहिला बसाईसराई गरेको हकमा मात्र वडाको बसाई प्रमाणीतले काम गर्ने र २०४० पछि बसाईसराई गरेकोले अनिवार्य बसाईसराई कागजपत्र पेश गर्नुपर्ने),

६. विवाहितको हकमा नागरिकतामा पति/पत्नीको नाम उल्लेख नभएमा विवाह दर्ता प्रमाण-पत्र अनिवार्य सक्कल,

७. एकल महिला/पुरुषको हकमा मृत्युदर्ताको सक्कलप्रति अनिवार्य ल्याउनुपर्नेछ ।